बैठक संख्या २४ समयः बिहान ११ बजे बैठक मिति २०८०।०२।३१

आज मिति २०८० साल जेठ ३१ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक वसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

...ष्कर सिंह धामी
...ख प्रशासकीय अधिकृत

आमन्त्रितः

तपसिलः

**प्रस्तावहरुः**

१. विषयगत समितिका कार्यविधिहरुं स्वीकृत गर्ने सम्बन्धमा।
२. १३औं गाउँसभाको अधिवेशन आह्वान गर्ने सम्बन्धमा।
३. खाद्य डिपोमा पुगेको खाद्यान्न प्रमाणित गर्ने सम्बन्धमा।
४. काठेपुल निर्माण सम्बन्धमा।
५. निर्णय संशोधन गर्ने सम्बन्धमा।
६. केदारेश्वरी मावि‌लाई अनुदान दिने सम्बन्धमा।
७. विषयगत समितिका सचिव तोक्ने सम्बन्धमा।

...स्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

निर्णय नं १ प्रस्ताव न १ माथि छलफल गर्दा तपसिल अनुसारका कार्यविधिहरु पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

१. नौगाड गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चान कार्यविधि २०८०
२. नौगाड गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०८०
३. नौगाड गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०८०
४. नौगाड गाउँपालिकाको लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०
५. नौगाड गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०
६. नौगाड गाउँपालिकाको विषयगत समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०
७. नौगाड गाउँपालिका सुशासन तथा बिकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०

निर्णय नं २ प्रस्ताव न २ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकाको १३ औ गाउँसभाको अधिवेशन मिति २०८०।०३।०८ गते विहान ११ बजे बस्ने गरी आह्वान गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ प्रस्ताव न ३ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकाको वडा न १ मा स्थापना भएको खाद्य डिपोमा आर्थिक वर्ष २०७९/८० मा पुगेको खाद्यान्नको परिमाण प्रमाणित गर्न यस गाउँपालिकाका उपाध्यक्षलाई जिम्मा दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४ प्रस्ताव न ४ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकाको वडा न २ को पतेली खोलामा १ र मल्लो गोधानी खोलाको ३ स्थानमा तत्काल काठेपुल निर्माण गर्न आवश्यक देखिएकोले आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने गरी काठेपुल निर्माण गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५ प्रस्ताव न ५ माथि छलफल मिति २०८० को ~~बैशाख~~ जेठ १२ गतेको बैठकको निर्णय न ४ बमोजिम सङ्घीय विशेष अनुदान अन्तर्गत निर्माणाधीन जनहित माविको १४ कोठे भवनको ठेक्का सम्झौता पछि बाकी रहको रकम बाट नियमानुसार एक थान मोटरसाइकल खरिद गर्ने निर्णय संशोधन गरी सोही

विद्यालयको जग्गा खरिदमा तिर्न बाकी १६ लाख रकम घटाउने गरी जग्गा धनीलाई भुक्तानी गर्ने निर्णय सर्व सम्मत पारित गरियो।

निर्णय नं ६ प्रस्ताव न ६ माथि छलफल गर्दा वडा न २ को राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको लागि अनुदान दिने स्वीकृत बजेट संशोधन गरी सोही विद्यालयको दिवा खाजाको भाञ्सा व्यवस्थापन गर्न अनुदान दिने गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ प्रस्ताव न ७ माथि छलफल गर्दा गाउँसभाका समिति, कार्यपालिकाका समिति र स्थानीय सरकार सञ्चालन ऐन अनुसारका समितिका सचिवहरु तपसिल अनुसार तोक्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | विषयगत समितिको नाम | समितिको सचिव | कैफियत |
|---|---|---|---|
| १ | लेखा समिति | श्री जानकी धामी | गाउँसभा अन्तर्गत |
| २ | विधायन समिति | श्री पुष्कर सिह धामी | गाउँसभा अन्तर्गत |
| ३ | सुशासन तथा विकास समिति | श्री दान सिह विष्ट | गाउँसभा अन्तर्गत |
| ४ | स्रोत अनुमान तथा सीमा निर्धारण समिति | श्री पुष्कर सिह धामी | स्था स सं ऐन अन्तर्गत |
| ५ | राजश्व परामर्श समिति | श्री दमनराम टमटा | स्था स स ऐन अन्तर्गत |
| ६ | अनुगमन तथा सुपरीवेक्षण समिति | श्री लोकेश सिह ठगुन्ना | स्था स स ऐन अन्तर्गत |
| ७ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | श्री लोकेश सिह ठगुन्ना | कार्यपालिका अन्तर्गत |
| ८ | विधेयक समिति | श्री पुष्कर सिह धामी | कार्यपालिका अन्तर्गत |
| ९ | वातावरण तथा विपद व्यवस्थापन समिति | श्री नरेन्द्र सिह जुहारी | कार्यपालिका अन्तर्गत |
| १० | आर्थिक विकास समिति | श्री प्रकाश सिह धामी | कार्यपालिका अन्तर्गत |
| ११ | सामाजिक विकास समिति | श्री प्रितम सिह ठगुन्ना | कार्यपालिका अन्तर्गत |
| १२ | पूर्वाधार विकास समिति | श्री नविन सिह ठगुन्ना | कार्यपालिका अन्तर्गत |

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत